Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.





◆ वर्ष १४ ◆ अङ्क ४२२७ ◆ २०८० फागुन ८ गते मंगलबार ◆ ने.सं. ११४४ ◆ पृष्ठ ८ ◆ Tuesday, February 20, 2024 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com

# वैदेशिक ऋण अनुत्पादक क्षेत्रमा खर्चको निरन्तरता

■ प्रवीन राउत
काठमाडौं, फागुन ७

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको पाँच वर्ष हुँदा पनि सरकारले विश्व बैंकबाट प्राप्त ऋणलाई उत्पादनमूलक क्षेत्रमा खर्च गर्न सकेको छैन । यस कार्यक्रममार्फत सडकका नाला सफा गर्ने, विद्यालयको खेलमैदान तथा गोरेटो, घोडेटो बाटो निर्माण तथा स-साना पूर्वाधार निर्माण र सरसफाइजस्ता कामहरु गरिएको पाइन्छ । उत्पादन वृद्धि र पुँजी वृद्धि हुने खालका काम भएको छैन ।

कार्यक्रमको दिगोपन र अपनत्वका लागि स्थानीय तहसँग लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्न नसक्दा तथा रोजगार व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति र अद्यावधिक गर्न नसक्दा समस्या देखिएको छ । अर्कोतर्फ सूचीकृत सबैलाई न्यूनतम एक सय दिनको रोजगार भनिए पनि उपलब्ध गराउन सरकारले सकेको छैन । प्रत्येक वर्ष दुई लाख जनतालाई न्यूनतम एक सय दिनको रोजगारी प्रदान गर्ने भनिए पनि सबै स्थानीय तहमा कार्यक्रम सञ्चालन हुन नसक्नु र सूचीकृत सबैलाई एक सय दिनबराबरको रोजगार दिन नसक्नु अर्को चुनौती छ ।

अहिलेसम्म प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि १३ अर्ब दुई करोड ६७ लाख ७९ हजार रूपैयाँ खर्च भइसकेको छ । चालू आर्थिक वर्ष २०८०/८१ को पुससम्म २५ लाख ७९ हजार आठ सय रूपैयाँ खर्च हुँदा पनि यसको लगानी भने अनुत्पादक क्षेत्रमा मात्रै भएको छ । वैदेशिक ऋण अनुत्पादक क्षेत्रमा लगानी गर्ने परम्पराले भने निरन्तरता पाएको । आर्थिक वर्ष २०७८/७९ मा छ अर्ब २९ करोड २२ लाख रूपैयाँ खर्च भएको सो कार्यक्रममा आर्थिक वर्ष २०७७/७८ मा तीन अर्ब एक करोड ५४ लाख रूपैयाँ, आर्थिक वर्ष २०७६/७७ मा एक अर्ब ४३ करोड ४१ लाख रूपैयाँ र आर्थिक वर्ष २०७५/७६ मा दुई अर्ब २८ करोड २५ लाख रूपैयाँ खर्च भएको छ ।

कार्यक्रममा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समन्वयमा स्थानीय तहबाट कार्यान्वयन हुँदै आएको छ भने सोही प्रकृतिका कार्यक्रमहरु प्रदेश तहमा मुख्यमन्त्री रोजगार कार्यक्रम र केही स्थानीय तहमा मेयर/अध्यक्ष रोजगार कार्यक्रम समेत सञ्चालन भएका छन् । तर, यी कार्यक्रम सञ्चालनका लागि खर्च व्यहोर्ने स्रोतको स्पष्ट खाका भने तयार भएको देखिँदैन ।

कार्यक्रममा सूचीकृत हुने र रोजगारी प्राप्त गर्नेको संख्यामा ठूलो अन्तर देखिन्छ । चालू आर्थिक वर्ष २०८०/८१ को पुससम्ममा आठ लाख ८५ हजार एक सय ५४ जना बेरोजगार युवाहरु सूचीकृत भएका छन् भने रोजगारीमा संलग्न व्यक्तिहरु १२ हजार सात सय ८९ जना मात्रै छन् । रोजगारी पाउनेले पनि ३५ देखि ८४ दिनसम्म रोजगारी पाएका छन् । चालू आर्थिक वर्ष २०८०/८१ मा मात्र नभई यो समस्या हरेक आर्थिक वर्षमा रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार कार्यक्रम सञ्चालन भएको पहिलो आर्थिक वर्ष २०७५/७६ मा १३ लाख ३३ हजार जना बेरोजगार युवाहरु सूचीकृत भएकोमा एक लाख ७२ हजार दुई सय ७० जना मात्र रोजगारीमा संलग्न भएका थिए । उनीहरूले औसत १३ दिन काम पाएका थिए । आर्थिक वर्ष २०७६/७७ र आर्थिक वर्ष २०७७/७८ मा क्रमशः तीन लाख ६९ हजार तीन सय १३ जना र सात लाख ५२ हजार चार सय ४९ जना बेरोजगार युवा सूचीकृत भएकोमा क्रमशः एक लाख पाँच हजार छ सय २६ जना र एक लाख ७९ हजार चार सय ६९ जनाले मात्र रोजगारी पाएका थिए । उनीहरूले क्रमशः १६ र ७७ दिनको रोजगारी पाएका हुन् ।

आर्थिक वर्ष २०७८/७९ मा सात लाख आठ हजार दुई सय ४५ जना बेरोजगार युवा सूचीकृत भएकोमा एक लाख ६३ हजार सात सय आठ जना युवाले रोजगारी पाएका थिए । उनीहरूले औसत ७५ दिनको रोजगारी पाएका हुन् । अर्कोतर्फ मुलुकमा सात लाख ६८ हजार जना अक्सर बेरोजगार हुनेगरेका युवाहरूलाई समेत कार्यक्रमले समेट्न सकेको छैन । कार्यक्रमको लक्ष्य रोजगारीको अवसर सिर्जना गर्ने र उपलब्ध रोजगारीका अवसरहरूमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै श्रमिकको आयमा वृद्धि तथा लक्षित वर्गको जीवनयापनमा सुधार गर्ने भए पनि त्यसको कार्यान्वयन चुनौतीपूर्ण रहेको देखिएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्ष वा सोभन्दा बढी उमेरका एक करोड १० लाख ३८ हजार जना अक्सर आर्थिकरूपले सक्रिय व्यक्तिहरूमध्ये एक करोड दुई लाख ७० हजार जना (९३.०५ प्रतिशत) अक्सर रोजगार र सात लाख ६८ हजार जना (६.९५ प्रतिशत) बेरोजगार छन् । आर्थिकरूपमा काम गरेका जनसंख्यामध्ये पेसागतरूपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यमा दक्ष कामदार ५० दशमलव एक प्रतिशत, सामान्य वा प्राथमिक पेसाका कामदार दुई दशमलव तीन प्रतिशत, सेवा तथा वस्तु बिक्री गर्ने कामदार पाँच दशमलव आठ प्रतिशत, शिल्पकला तथा कालिगढ र यससम्बन्धी व्यापार गर्ने कामदारहरु पाँच दशमलव छ प्रतिशत र व्यवस्थापन पाँच दशमलव एक प्रतिशत रहेकोमा तीन जशक्तिलाई तालिमलगायतका कार्यक्रम सञ्चालन गरी रोजगारीको सुनिश्चिताको पहल गर्न सकेको छैन । बेराजगार एवं आर्थिकरूपमा सक्रिय जनशक्तिको दक्षता विकास हुनेगरी तालिमलगायतका कार्यक्रम पनि सञ्चालन गर्नबाट कार्यक्रम चुकेको छ ।

विश्व बैंकको ऋण सहयोगबाट १३ अर्ब ६८

➤ बाँकी पृष्ठ २ मा

# एनआईसी एसिया बैंकको बदमासी छोप्न सम्पूर्ण शक्तिको प्रयोग

■ आर्थिक संवाददाता
काठमाडौं, फागुन ७




एनआईसी एसिया बैंकभित्रको अनियमितताको साक्षी नबस्ने भन्दै व्यक्तिगत कारण देखाएर बैंककै डेपुटी सीईओ सुधिरनाथ पाण्डेले राजीनामा दिएसँगै बैंक संकटमा गएको भन्दै पैसा निकाल्नेको लाइन बढेपछि त्यसलाई रोक्न बैंकले अनेक तिकडम गरिरहेको छ ।

बैंककै उच्च तहमा रहेर काम गरिरहेका कर्मचारीलाई समेत आफ्नै बैंकमाथि विश्वास नलागेर राजीनामा दिएको चर्चापछि एनआईसीबाट पैसा निकाल्नेको चाप बढेसँगै बैंक नगद संकटमा जाने देखिएको छ ।

त्यसो त हरेक दिन एनआईसी एसियाको बदमासी छोप्न विभिन्न संघसंस्थाबाट समेत वक्तव्यहरु आइरहँदा बैंकको वास्तविक अवस्था के हो र किन जनताले एनआईसी एसिया बैंकलाई विश्वास गर्न छोडे भन्ने तथ्य कसैले उजागर गरेका छैनन् । बैंक संकटमा रहेको र खराब कर्जाहरु अत्यधिक रहेको विषयमा समाचारहरु बाहिर आइरहँदा बैंक उच्च व्यवस्थापनले आफ्नो बैंक राम्रो छ भन्ने आफैँले बनाउन लगाएको समाचार सेयर गर्न बैंकले सम्पूर्ण कर्मचारीलाई उर्दी नै जारी गरेको छ ।

बैंकको खराब अवस्थाको विषयमा समाचारहरु आइरहँदा झन् कारोबार बढेको भनेर कालिदासले रूखको हाँगाको टुप्पोमा बसेर फेदपट्टि आरा लगाएर काटेजस्तो मुर्ख्याइँ विश्लेषण बैंककै उच्च तहका खनियाहरूले गरिरहेका छन् ।

बैंकको खराब वित्तीय सूचकमध्ये चालू आर्थिक वर्षको छ महिनामा नाफा ४१ दशमलव ८४ प्रतिशतले घट्नु, खराब कर्जा (एनपीएल) ९५ प्रतिशतभन्दा बढीले वृद्धि हुनु प्रमुख रहेका छन् । गत पुस मसान्तसम्म बैंकको खराब कर्जा एक दशमलव नौ प्रतिशत कायम भएको छ । जुन गत वर्षको सोही अवधिमा शून्य दशमलव ६१ प्रतिशत मात्रै थियो । बैंकको खराब कर्जा तीन अर्ब ४८ करोड रूपैयाँ रहेको बैंकद्वारा जारी दोस्रो त्रैमासिक वित्तीय विवरणमा नै उल्लेख छ ।

त्यस्तै बैंकसँग करिब साढे तीन अर्ब रूपैपयाँको गैरबैंकिङ धितो थुप्रिएको छ । जसलाई पटक-पटक लिलामीमा लैजाँदा पनि बिक्री हुन नसक्दा बैंकले चालू आर्थिक वर्षमा पाँच अर्ब ६२ करोड ९० लाख रूपैयाँ 'लोन लस्ट प्रोभिजन' गर्न बाध्य भएको छ । साथै ८० भन्दा बढी ऋणीको एक अर्ब रूपैयाँ ऋण असुलीका लागि एनआईसी एसिया बैंकले ऋण असुली न्यायाधीकरणमा ऋणीविरूद्ध मुद्दा दायर गरेको छ । जुन अन्य बैंकको तुलनामा उच्च हो ।

यसैगरी बैंकको खुद ब्याज आम्दानी १० दशमलव १३ प्रतिशत र सञ्चालन मुनाफा २४ दशमलव १३ प्रतिशत घटेको छ । पुस मसान्तसम्म बैंकको वितरणयोग्य नाफा ५९ करोड २२ लाख रूपैयाँ ऋणात्मक रहेको छ । नाफासँगै बैंकको प्रतिसेयर आम्दानी ३१ रूपैयाँ नौ पैसाले घटेर २५ रूपैयाँ ५२ पैसामा झरेको छ ।

त्यसबाहेक एनआईसी बैंकले पुँजीकोष मिलान गर्न बासेल रिपोर्टमा एक खर्ब ३४ अर्ब फर्जी कर्जा देखाएको छ । बैंकको दुई खर्ब ९३ अर्ब कुल कर्जा प्रवाहमध्ये आवासीय कर्जामा करिब ४७ प्रतिशत देखाइएको छ । जब कि आवासीय कर्जामा अधिकतम २५ प्रतिशत प्रवाह गर्ने व्यवस्था राष्ट्र बैंकको छ ।

बैंकले करिब ३२ अर्ब कर्जाको जोखिमभार कम देखाएर प्राथमिक पुँजी कोष पुगेको देखाइएको पाइएको हो । बैंकले असोज र पुसको वित्तीय विवरणमा ऋणको जोखिमभार

➤ बाँकी पृष्ठ २ मा

# १८ खर्बको बजेटको स्रोत के छ ?

काठमाडौं, ७ फागुन : राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि १८ खर्ब रूपैयाँको बजेट सीमा (सिलिङ) तोकेको छ । चालू आवको सुरूवाती विनियोजनभन्दा ५० अर्ब र अर्धवार्षिक समीक्षापछिको खर्चको अनुमानभन्दा दुई खर्ब ७० अर्ब ठूलो आकारको खर्चको सीमा निर्धारण गरिएको हो । ठूलो आकारको बजेट ल्याउने तर लक्ष्यअनुसार राजस्व संकलन र खर्च गर्न नसक्ने विद्यमान परिस्थितिमा आगामी आवका लागि १८ खर्बको स्रोत कहाँबाट जुट्छ र खर्च कसरी हुन्छ भन्नेमा प्रश्न छ ।




सरकारले चालू आर्थिक वर्षका लागि १७ खर्ब ५१ अर्ब ३१ करोड ५१ लाखबराबरको बजेट विनियोजन भएको थियो । बजेटको अर्धवार्षिक समीक्षामार्फत स्रोत र खर्चको अनुमान संशोधन गरेर १५ खर्ब ३० अर्ब २६ करोडमा झारिएको छ । गत जेठमा बजेट ल्याउँदा तय भएको आम्दानी र खर्चको प्रक्षेपण माघ मसान्तसम्म आइपुग्दा करिब सवा दुई खर्बले आकार घटेको छ । अर्धवार्षिक समीक्षालगत्तै तयार भएको बजेट सिलिङ भने १८ खर्ब रूपैयाँको छ ।

आगामी आर्थिक वर्षका लागि राष्ट्रिय स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गर्दा १२ खर्ब ४५ अर्ब रूपैयाँबराबर सरकारी राजस्वको अनुमान गरिएको छ । जब कि चालू आवको बजेटका लागि सरकारले १२ खर्ब ४८ अर्ब ६२ करोडबराबर आन्तरिक राजस्व उठाउने गरी स्रोत देखाएको थियो अर्थात् चालू आर्थिक वर्षको सुरूवाती लक्ष्यभन्दा आगामी आर्थिक वर्षको राजस्व संकलनको अनुमान करिब तीन अर्ब रूपैयाँले न्यून हो ।

त्यस्तै, आगामी आवमा दुई खर्ब ६० अर्ब रूपैयाँबराबर वैदेशिक सहायता लिने अनुमान गरिएको छ । वैदेशिक सहायताको रकममध्ये ५० अर्ब अनुदान र दुई खर्ब १० अर्ब बाह्य ऋण उठाइनेछ । चालू आर्थिक वर्षमा सरकारले दुई खर्ब १२ अर्बबराबर बाह्य ऋण उठाउने गरी बजेट स्रोत देखाएको थियो ।

आगामी आर्थिक वर्षमा आन्तरिक ऋणको सीमा दुई खर्ब ९५ अर्ब तोकिएको छ । चालू आवको बजेटमा आन्तरिक ऋण दुई खर्ब ४० अर्बबराबर उठाउने उल्लेख छ । राष्ट्रिय स्रोत अनुमान समितिले मध्यमकालीन खर्च संरचनाको अनुमान गर्दा आव २०८२/८३

➤ बाँकी पृष्ठ २ मा

इ-पेपर हेर्नको लागि


## जहदा गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
मझारे, मोरङ्ग

**वोलपत्र स्विकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८०/११/०८

उपरोक्त सम्बन्धमा जहदा गाउँपालिकाले तपसिलको निर्माण कार्यका लागि तपसिलको मितिमा राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपुर्वक पर्न आएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्र दाता न्युनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) र २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्र दाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि.न. | बोलपत्र नं. | कामको विवरण | सूचना प्रकाशन मिति | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|---|
| १ | JRM/WORKS/NCB/080/81-06 | Prasasanik Bhawan Talla Thap (First Floor) | २०८०-०९-१६ | श्री निर्मल निर्माण सेवा, जहदा-०५, मोरङ्ग | १,०९,२१,१५९.०४ (एक करोड नौ लाख एक्काईस हजार एक सय उन्नसाठी र चार पैसा मात्र) |
| २ | JRM/WORKS/NCB/080/81-07 | Garvuko Ghar Dekhi Purwa Uttarma Culvert Nirman Tatha Judi Khola Vawariya Kamat Hudai Mukhya Sadak Xune Gravel Bato | २०८०-०९-२३ | श्री एम. बी कन्सट्रकसन निर्माण सेवा, जहदा-०१, मोरङ्ग | १३,६९,७५९.०३ (तेह्र लाख उन्नसत्तरी हजार सात सय उन्नसाठी र तीन पैसा मात्र) |
| ३ | JRM/WORKS/NCB/080/81-01 | Santhal Sangrahalaya Bhawan Nirman | २०८०-०७-१९ | श्री पाईनस कन्सट्रकसन प्रा. लि., नयाँ बानेश्वर, काठमाडौं | २,०४,४६,८९८.२२ (दुई करोड चार लाख छयालिस हजार आठ सय अण्ठान्बे र बाईस पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

## वैदेशिक...

करोड ९६ लाख रूपैयाँ खर्च हुने उल्लेख गरिएको उक्त आयोजनाको रोजगार सूचना प्रणालीमा रोजगारसम्बन्धी तथ्यांक अद्यावधिक र उपयोग गर्ने नीतिबाट कार्यक्रम चुकेको छ । उक्त सूचना प्रणालीमा यसवर्ष सूचीकृत आठ लाख ८५ हजार एक सय ५४ जनामध्ये १२ हजार सात सय ८९ जनाले मात्र रोजगारी पाएको देखिन्छ । रोजगार सेवा केन्द्रबाट बेरोजगारको तथ्यांक संकलन, पहिचान र सूचीकरण, रोजगारदातासँग समन्वय र सहकार्यका माध्यमबाट थप रोजगारी सिर्जनामा उल्लेखनीय योगदान पुग्न सकेको छैन ।

कार्यक्रमको दिगोपन र अपनत्वका लागि स्थानीय तहसँग लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने तथा रोजगार व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति र अद्यावधिक गर्नु आवश्यक छ । अर्कोतर्फ समीक्षा गोष्ठी खर्च परामर्श सेवा खर्च बढ्दै जाँदा कार्यक्रमप्रति सरकार उदासीन भएको प्रस्ट देखिन्छ । मन्त्रालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख गरेको भए पनि आयोजना सञ्चालनको क्रममा सो काम नगरेको देखिएको छ । जसले गर्दा मुलुकभित्र रोजगारीको पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको उच्च उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने दृष्टिकोणबाट सञ्चालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रम लाभदायी बन्न नसकेको अवस्थामा मन्त्रालयले आगामी आर्थिक वर्ष २०८१/८२ बाट 'आन्तरिक रोजगार प्रवर्द्धन दशक'का रूपमा कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्ने बताएको छ ।

मन्त्रालयका प्रवक्ता राजिव पोखरेलले गत सोमबार श्रममन्त्री शरतसिंह भण्डारीको अध्यक्षतमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा १७ बमोजिमको निर्देशक समितिको बैठकमार्फत उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको जानकारी दिए । जसमा अर्थात् 'आन्तरिक रोजगार प्रवर्द्धन दशक'का रूपमा अभियान सञ्चालन गर्ने, स्थानीय तह मातहतका रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहका लागि नीतिगत र कानुनी आधार निर्माण गर्ने र श्रमबजारको नतिजामा सुधार हुनेगरी कार्यक्रमको संरचनामा परिमार्जन एवं आन्तरिक रोजगार प्रवर्द्धन महाशाखा गठन गर्ने निर्णय भएको प्रवक्ता पोखरेलको भनाइ छ । आन्तरिक रोजगार प्रवर्द्धन दशकलाई अभियानका रूपमा सञ्चालन गर्न तीनै तहको सरकार, रोजगारदाता विषयगत संघ संगठन, सीप विकास प्रतिष्ठानलगायत श्रम तथा रोजगारीका क्षेत्रमा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संगठनसँग प्रत्यक्ष समन्वय र सहकार्य गरिने बताइएको छ ।

मुलुकको स्रोत र साधनलाई उपयुक्त तवरले प्रयोग गरेमा उत्पादन र उत्पादकत्वमा सकारात्मक प्रभाव पर्ने तथा सोबाट सिर्जित अवसरहरूलाई न्यायपूर्ण र समावेशी तवरले नागरिकमा वितरण गर्नुपर्ने कार्यलाई व्यापक विस्तार गर्नु आवश्यक देखिएको भन्दै उक्त कार्यक्रममार्फत वर्तमान समयमा देखिएको नीतिगत र कार्यगत चुनौतीलाई समन्वयात्मक तवरले समाधान गर्नुपर्ने र आन्तरिक रोजगार प्रवर्द्धन गर्ने निकायलाई जिम्मेवार बनाई एकीकृत तवरले रोजगारमूलक क्रियाकलापहरूको प्रवर्द्धन तथा विस्तारमा लक्षित गरिने बताइएको छ । मन्त्रालयले मुलुकमा रोजगारीको अवसरमा संकुचन हुँदै जाँदा वैदेशिक रोजगारीमा अतिरिक्त चाप परेको र सोको व्यवस्थापनमा देखिएको विविध चुनौती समेतलाई समाधान गर्नुपर्ने आवश्यकता रहेको तथा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान गरे पनि विप्रेषणलाई उपयुक्त तवरले प्रयोग गर्न नसकिँदा सोबाट सिर्जना हुनसक्ने प्रतिफलको समेत न्यून उपयोग भएको अवस्थामा आन्तरिक रोजगारीलाई बढुवा दिनु आवश्यक रहेको बताएको छ । यद्यपि दुर्गति अवस्थामा रहेको कार्यक्रमअन्तर्गत मन्त्रालयले 'आन्तरिक रोजगार प्रवर्द्धन दशक' कार्यक्रम थप गरेर अघि बढ्ने निर्णय प्रभावकारी हुन्छ भन्नेमा विश्वस्त हुने आधार भने भेट्न सकिँदैन ।

## एनआईसी...

मिलाउन 'क्रेडिट रिस्क' कम देखाउने गरी बासेल प्रतिवेदनमा तोडमोड गरेको विषयमाथि राष्ट्र बैंकले अनुसन्धान गरिहेको छ ।

नेपाल बैंकर्स संघको तथ्यांकअनुसार एनआईसी एसियाको निक्षेप माघ महिनामा तीन खर्ब ६७ अर्ब ६८ करोड रूपैयाँ रहेको थियो भने गत पुसमा यसको कुल निक्षेप तीन खर्ब ८१ अर्ब ४० करोड रूपैयाँभन्दा बढी रहेको थियो ।

बैंकले यसै अवधिमा आफ्ना ३० भन्दा बढी शाखाहरू समेत बन्द गरेको छ । बैंकले आर्थिक संकटसँग जुध्न भन्दै गत जेठ महिनायता ३० वटा शाखारहित बैंकिङ काउन्टरहरू बन्द गरिसकेको छ । जेठमा १६, साउनमा ४, कात्तिकमा ६, माघ महिनामा ४ गर्दै ३० वटा शाखारहित बैंकिङ सेवा र विस्तारित शाखा काउन्टरहरू बन्द गरिसकेको र अन्य शाखाहरू बन्द गर्दै जाने नीति लिएको छ । पछिल्लो समयमा माघ २९ गते थप ४ वटा काउन्टर बन्द गरेको हो ।

फागुन पहिलो सातामा आइपुग्दा यो बैंकसँग जम्मा ४७ वटा शाखारहित बैंकिङ सेवा काउन्टर बाँकी छन् । बैंकले माघ २९ गते प्रकाशन गरेको प्रेस विज्ञप्तिमा तीन सय ६० शाखा र एक सय १५ वटा विस्तारित काउन्टर सञ्चालनमा रहेको उल्लेख छ ।

बैंकले पाँच दिनअघि मात्र चारवटा काउन्टरहरू बन्द गरेको हो । शाखारहित बैंकिङ अवधारणाअन्तर्गत सिराहाको जिरोमाइल, नवलपुर जिल्लाको विनय त्रिवेणी गाउँपालिका ७ नम्बर वडा, गोरखाको सिउरिनिटार, झापाको बुद्धशान्तिक गाउँपालिका वडा नम्बर ६ बाट दिँदै आएको बैंकिङ सेवा बन्द गरेको हो भने काठमाडौंमा रहेका आफ्ना शाखाहरू समेत घटाउने नीति लिएको छ ।

बैंकले सुरूका दिनमा राष्ट्र बैंकसँग मिलेर आक्रामकरूपमा शाखा खोल्नुको पछाडि समेत आर्थिक चलखेल हुनेगरेको स्रोतको भनाइ छ । बैंकहरूले दुर्गममा शाखा खोल्दा राष्ट्र बैंकसँग अनुदान लिएको भए पनि खर्च धेरै लाग्यो भने आर्थिक हिनामिना गर्नेगरेको स्रोतको दाबी छ । राष्ट्र बैंकसँग मिलेर शाखा विस्तारको नाममा आर्थिक हिनामिना गर्नकै लागि राष्ट्र बैंकसँग मिलेर शाखा विस्तारको नाटक गरेको बैंकलाई अहिले तिनै शाखाहरू घाँडो भएर बन्द गर्नुपरेको भए पनि बैंकले विभिन्न प्राविधिक कारणहरू देखाई शाखा बन्दको लागि राष्ट्र बैंकमा निवेदन दिएको हो ।

बैंकलाई आफ्नो निजी सम्पत्तिजस्तै गरेर उच्चतहका केही कर्मचारीहरूको स्वार्थमा चलाउन खोज्दा आम जनतालाई शाखाप्रमुखहरूले ढाँट्ने/छल्ने अवस्था आएसँगै बैंकप्रतिको विश्वास घटेको हो ।

बैंकले ठूला आयोजनाहरूमा कर्जा लगानी नगरी घरजग्गामा मात्र कर्जा प्रवाह गर्ने नीति लिएर 'प्राइम लोकेसन'का ऋणीहरूलाई ऋण दिने र दिएको केही समयमा नै विभिन्न बहानामा लिलामी गर्दै आफैं एनपीए गर्ने नीति लिएसँगै धेरैको घरबार उठीबास लागेको हो ।

बैंकजस्तो 'सेन्सेटिभ' संस्थाको विषयमा पटक-पटक प्रश्न उठेपछि यस विषयमा बुझ्न बैंकका सूचना अधिकारीलाई बैंकले उपलब्ध गराएको टोल फ्रि नम्बरमा फोन गर्दा उनीसँग कुरा गर्न यस नमबरमा फोन गर्ने होइन भन्दै बैंकका कर्मचारीले राखिदिए भने बैंकका सीईओ रोशनकुमार न्यौपानेलाई बैंकसँग सम्पर्क गर्ने सूचना अधिकारीको नम्बर उपलब्ध गराइदिन गरेको अग्रह समेत वास्ता नगरी बसेका छन् ।

बैंकको कार्यअनुभव कम भएका सीईओ न्यौपाने मारवाडीहरूको समूह विशाल ग्रुपको दबाबमा दोस्रो कार्यकालको रूपमा कार्यरत छन् । तत्कालीन बैंक अफ एसियामा आन्तरिक अडिटर हुँदा ग्राहकको नागरिकता दुरूपयोग गरेर सेयर खरिद प्रकरणमा मुछिएका सीईओ न्यौपाने चिलिमे जलविद्युत् कम्पनीको स्थानीयबासीका तर्फबाट सेयर खरिद गर्दा र कर्मचारीहरूसँग ३६ प्रतिशत ब्याजमा पैसा लिएर लगानी गरेको गरेर लफडामा परेको व्यक्ति भएको कतिपयले भन्नेगरेका छन् । सीईओ न्यौपानेले समेत बूढानीलकण्ठमा सरकारी जग्गा मिचेर घर बनाएपछि नगरपालिकाले केही महिनाअघि उनको घर नै भत्काइदिएको थियो ।

## १८ खर्ब...

का लागि २१ खर्ब र आव २०८३/८४ का लागि २४ खर्ब ५५ अर्बबराबर खर्चको सीमा निर्धारण गरेको छ । आव २०८२/८३ को २१ खर्बको बजेटका लागि १४ खर्ब ५३ अर्ब आन्तरिक राजस्व, तीन खर्ब १२ अर्ब वैदेशिक सहायता र तीन खर्ब ३५ अर्ब आन्तरिक ऋण उठाइने अनुमान गरिएको छ । आर्थिक वर्ष २०८३/८४ का लागि २४ खर्ब ५५ अर्बको बजेट ल्याउँदा १७ खर्ब तीन अर्ब आन्तरिक राजस्व उठाउने, तीन खर्ब ७४ अर्ब वैदेशिक सहायता लिने र तीन खर्ब ७७ अर्ब आन्तरिक ऋण लिने लक्ष्य राखिएको छ ।

राष्ट्रिय स्रोतको अनुमान तथा खर्च सीमा निर्धारण गर्दा समितिले आगामी तीन आर्थिक वर्षको आर्थिक वृद्धिदरको पनि अनुमान गरेको छ । आगामी आर्थिक वर्षमा छ प्रतिशत, आर्थिक वर्ष २०८२/८३ मा साढे छ प्रतिशत र आर्थिक वर्ष २०८३/८४ मा सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य निर्धारण गरिएको हो । त्यस्तै, मुद्रास्फीति आगामी तीन आर्थिक वर्षमा समान साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने अनुमान गरिएको छ ।

राजस्व वृद्धिदर आर्थिक वर्ष २०८१/२ मा १६ दशमलव चार, आर्थिक वर्ष २०८२/८३ मा १६ दशमलव आठ र आर्थिक वर्ष २०८३/८४ मा १७ दशमलव तीन प्रतिशत रहने अनुमान गरिएको छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा राजस्वको अनुपात आगामी तीन आर्थिक वर्षमा क्रमशः २१ दशमलव एक प्रतिशत, २२ प्रतिशत र २२ दशमलव नौ प्रतिशत रहने अनुमान गरिएको छ ।

आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि समष्टिगत तथा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण तथा स्रोत अनुमान तयार गर्दा विभिन्न विषयवस्तुलाई प्रमुख आधारका रूपमा लिएको छ । जसमध्ये, नेपालको संविधानमा उल्लिखित मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, आगामी सोह्रौं योजनाका सोच, उद्देश्य, समष्टीगत तथा रूपान्तरणकारी रणनीति र प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू, नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ तथा चालू वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रमका निरन्तरता दिनुपर्ने र राष्ट्रिय प्राथमिकताका कार्यक्रमहरू छन् ।

Find us on :
facebook/
aarthikdainik


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**नयाँ शहर आयोजना कार्यालय**
साँफेबगर, अछाम

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८०/११/०८

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा निम्न बमोजिम बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार e-gp मा दर्ता हुन आएका बोलपत्रहरुमध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारको बोलपत्रहरुले प्राविधिक प्रस्तावको शर्तहरु पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रास्ताव मिति २०८०/११/१५ गतेका दिन बिहान १०:०० बजे यस आयोजनाको प्राविधिक शाखामा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| Contract No/ Bid No. | Name and Address of Successful Bidders |
|---|---|
| DUDBC/NTPO/SANFEBAGAR/ WORKS/NCB/07-80/81 | M/S BP-Shubha Laxmi Joint Venture, Dhangadhi, Kailali |
| | M/S Betalmandu-J.P. Joint Venture, Badimalika-08, Bajura |
| | M/S Gospel-New Nepal Joint Venture, Sanfebagar, Achham |
| | M/S Kaushik/N.M.D. JV, Achham, Nepal |
| | M/S Narayan/Upahar JV, Achham |
| | M/S Seti/Aashish JV, Mangalsen, Achham |
| | M/S Santosh-Bhandari Brothers Joint Venture, Tikapur, Kailali |
| | M/S TB-SK JV, Amargadhi, Dadeldhura |

आयोजना प्रमुख



**Khatyad Rural Municipality**
**Office of the Rural Municipal Executive**
Ramtadi, Mugu
Karnali Province, Nepal

**Invitation for Electronic Bids**

First Date of Publication: - 2080/11/08 BS, 20-02-2024 AD

1. Khatyad Rural municipality Ramtadi, Mugu invites only electronic bids from eligible bidders for the Supply of following Medicines and Surgical Items under National Competitive Bidding under the Single-Stage, Single Envelope Biding Procedure.

| S. N. | Contract No/ Bid No. | Description of Works | Total cost of project including VAT. | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | KRM/NCB/ SUPPLY/ 05/80/81 | Supply of Medicines for Khatyad Rural Municipality | 2484923/- | 62500/- | 3000.00/- | – |

2. Purchase, Submission and Opening:

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | Up to 2080/12/08 (21th Mar. 2024) | 12:00 Hrs |
| Opening of Bid | Up to 2080/12/08 (21th Mar. 2024) | 14:00 Hrs |

3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
Information to deposit the cost of bidding document:-
Name of the Bank : Machhapuchchhre Bank, Khatyad, Branch
• Name of Office : Khatyad Rural Municipality
• Dharauti Account no. : 0720065818000083
• Rajaswa (revenue) Account no : 7901524658180088
4. Bidders shall have the option of submitting their bids: "by electronic only". Bids received after this deadline will be rejected.
5. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
6. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 (First amendment 2073 as well and Public Procurement Regulation 2064.
7. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 21-03-2024 12:00.
8. Bids must be valid for a period of 90 days after bid opening which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time to contract Award.

Chief Administrative Officer
Khatyad Rural Municipality, Ramtadi, Mugu



**बीमालेख हरायो**

मेरो निम्न व्यहोराको बीमालेख हरायको हुँदा फेलापार्नुहुने महानुभावहरूले निम्न लिखित ठेगानामा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।
नाम : नमन खडका
बीमालेख नं. : 251800723
C/O पवित्रा खड्का
ठेगाना : चन्द्रानिपुर ०१ रौतहट
फोन : 9851004234



**मोटरसाइकल हरायो**

मिति २०८०/१०/२८ गते काठमाडौं जिल्ला तारकेश्वर नपा १०, मनमैजु लामिछाने टोलबाट निम्न व्योहराको मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सूचना गरिदिनु हुन अनुरोध गर्दछु ।
धनीको नाम : केशव भट्टराई
पल्सर १५०, मोडल : २०२३
हर्ज पावर : १४९.५ सीसी
इन्जिन नं. : DMXPPE95805
चेसिस नं. : MD2A11CX4PPE31830
सवारीको रंग : Sparkle Blkred
नम्वर : बा.प्र.०२-०४६प८४२३
सम्पर्क : ९८४७५५६११४



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८०/११/०७

यस कम्पनीको मिति २०८०/०४/२२ मा सम्पन्न एकल शेयरधनीको विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **रत्रा सर्भिसेज प्रा.लि.(प्रा.लि.नं.२९३७४७)** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/११/०३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सम्राट क्यासिनो प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।



**Invitation for Bids**

Government of Nepal
**Ministry of Physical Infrastructure and Transport**
**Department of Railways**
Notice No. 03/080/81
Date of publication: 2080/11/08 (Feb 20th, 2024)
Invitation for Bid for contract no. DORW/33702011/R-02/080/81 & DORW/33702011/03/080/81 has been published. Please visit PPMO e-GP system www.bolpatra.gov.np/egp for details information.

# सामसङको ग्यालेक्सी ए १५ फाइभजी सार्वजनिक

आर्थिक संवाददाता
काठमाडौं, फागुन ७

सामसङले हालै नेपालमा ग्यालेक्सी ए१५ फाइभजी सार्वजनिक गरेको छ । सो स्माटफोनलाई सस्तो मूल्यमा नयाँ सुविधाहरूको समायोजन गरिएको कम्पनीले जनाएको छ ।

कम्पनीका अनुसार यो स्मार्टफोनमा एफएचडी प्लस रेजोल्युसन भएको छ दशमलव पाँच इन्चको उत्कृष्ट सुपर एमोलिड इन्फिनिटी-यु डिस्प्ले छ । साथै यसमा भएको ९० एचजेड रिफ्रेस रेटको कारणले यसलाई स्क्रोल गर्दा, ट्याप गर्दा वा स्वाइप गर्दा कुनै समस्या आउँदैन । अत्याधुनिक मिडिया टेक डाइमेन्सिटी ६१ सय प्लस चिपसेट, मल्टिटास्किङ र गेमिङ अनुभवद्वारा सञ्चालित, यसमा अद्भूत पर्फमेन्स र द्रूत फाइभजी कनेक्टिभिटीका लागि अक्टा-कोर प्रोसेसर छ । साथै, यो फोन ६/१२८ जीबी, ८/१२८ जीबी र ८/२५६ जीबी भेरियन्टमा रहेको छ ।

साथै, अत्याधुनिक क्यामराका विशेषताहरूले गर्दा यो फोन फोटोग्राफीको लागि पनि उत्कृष्ट छ । पछाडिको सेटअपमा ५० एमपी वाइड-एङ्गल क्यामरा, पाँच एमपी अल्ट्रा-वाइड क्यामेरा र दुई एमपी म्याक्रो क्यामरा समावेश छ । यस्तै, १३ एमपी फ्रन्ट क्यामरा शानदार सेल्फीका लागि उपयुक्त छ । यो फोन नवीनतम एन्ड्रोइड १४ मा चल्ने र यसमा सामसङको प्रयोग गर्न सजिलो वान यूआई ६.० छ ।




यस्तै, यो फोनले चार वर्षको ओएस अपडेटहरु र पाँच वर्षको सुरक्षा अपडेटहरु पनि प्रदान गने कम्पनीले जनाएको छ । यसमा टुजीदेखि फाइभजीसम्मको नेटवर्कहरूले व्यापक कनेक्टिभिटीका विकल्पहरु प्रदान गर्नेछ ।

कम्पनीका अनुसार यो फोनको मूल्य नेपालमा ६/१२८ जीबी भेरियन्टलाई २७ हजार नौ सय ९९ रूपैयाँ र ८/१२८ जीबी भेरियन्टलाई २९ हजार नौ सय ९९ रूपैयाँ तोकिएको छ । यस्तै, ८/२५६ जीबी भेरियन्टको मूल्य भने ३३ हजार नौ सय ९९ रूपैयाँ तोकिएको कम्पनीले जनाएको छ । साथै, यो फोन इन्स्टा फाइनान्स सेवाको साथमा पनि सबै अधिकृत सामसङ स्टोरहरूमा सजिलै प्राप्त गर्न सकिनेछ । यो सेवामा शून्य प्रतिशत ब्याजमा झन्झटमुक्त ईएमआई सेवाहरु र सजिलो प्रोसेसिङद्वारा एक घण्टाभित्रमा फोन खरिद गर्न सकिनेछ । यो फोन कालो नीलो, नीलो र हल्का निलोमा उपलब्ध रहेको छ । यी उत्पादनहरु नेपालभरिका स्टोरहरूमा सोमबारदेखि उपलब्ध हुने कम्पनीले जनाएको छ ।


**कामना सेवा विकास बैंक लि.**
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/१६६
टोल फ्रि नं. १६६००-११-३०००
E-mail:customercare@kamanasewabank.com
www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/११/०८

तपसिलमा उल्लिखित तपाईं ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न कर्जा शीर्षक अन्तर्गत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दे-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईं तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईंहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं | ऋणीहरुको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|---|
| १. | **राधा देवी महतो कोईरी**<br>ना.प्र.नं.: ७०३७०३६५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>पति : राजेन्द्र महतो कोईरी<br>ससुरा : मटुक लाल महतो<br>ठेगाना : महोत्तरी जिल्ला पशुपतीनगर बनरझुल्ला -०६, हाल सिरहा जिल्ला गोलबजार -०८<br>**शाखा कार्यालय : मिरचैया**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा (आवधिक) तथा ओडी कार्ड कर्जा** | **राजेन्द्र महतो कोईरी**<br>ना.प्र.नं.: ७०३७०३६४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>बाबु : मटुकलाल महतो<br>बाजे : विकाऊ महतो<br>ठेगाना : महोत्तरी जिल्ला पशुपतीनगर -०६<br>हाल सिरहा जिल्ला गोलबजार -०८<br>**सुनिल कुमार सिंह**<br>ना.प्र.नं.: १८७०७३०९०६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>बाबु : राजेन्द्र महतो कोईरी<br>बाजे : मटुकलाल महतो<br>ठेगाना : महोत्तरी जिल्ला पशुपतीनगर -०६<br>हाल सिरहा जिल्ला गोलबजार -०८ |
| २. | **अतिफा न्यू सप्लायर्स**<br>प्रा.फ.र.नं : ६११६/०७३/७४<br>ठेगाना : असनपुर -०६ क सिरहा हाल गोलबजार न.पा वडा नं ०४<br>जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहा<br>स्थायी लेखा नं.: ६०५५४८९२७<br>**प्रोप्राइटर/धनजमानीकर्ता : नइम नदाफ**<br>ना.प्र.नं.: ०६१८१६१८<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनुषा<br>बाबु : हसन नदाफ<br>बाजे : रमजान नदाफ<br>ठेगाना : धनुषा जिल्ला वल्हागोठ -०२<br>हाल सिरहा जिल्ला गोलबजार -०४<br>**शाखा कार्यालय : गोलबजार**<br>**कर्जा शीर्षक : सजिलो व्यवसाय कर्जा (ओभरड्राफ्ट)** | **रुबैदा खातुन**<br>ना.प्र.नं.: १०५४८०/२०५४८०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>पति : नइम नदाफ<br>ससुरा : हसन नदाफ<br>ठेगाना : सुनसरी जिल्ला इनरुवा न.पा वडा नं ०७<br>हाल सिरहा जिल्ला गोलबजार -०४ |

**नोट** : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ ।



AATHRAI RURAL MUNICIPALITY
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
Sakrantibazar, Tehrathum
Koshi Province , Nepal

## Invitation for Bids for the:
**CONSTRUCTION OF COLD CENTER BUILDING**

Contract Identification No: ARM/NCB/WORKS/NOTICE /06 /080-081

Date of publication: 2080/11/ 06

1. *Aathrai Rural Municipality* invites electronic bids from Nepalese eligible bidders for the following bids under **National Competitive Bidding** procedures. Only eligible bidders should participate in this bidding. Bid validity period of this bid shall be 90 days from the date of last date of bid submission.

| S.N. | Contract ID No. | Name Of Contract | Estimated Cost (Exclusive VAT.) | Bank Security (NRS) | Price of Bidding Document | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | ARM/NCB/ WORKS/ NOTICE / 06 /080-081 | CONSTRUCTION OF COLD CENTER BUILDING | 24,55,742.38 | 70,000.00 | 3,000.00 | 2080/12/05 12:00 | 2080/12/05 13:00 |

2. Only electronic Bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before **2080/12/05 B.S.** at **12:00 PM** and bid shall be opened **2080/12/05 B.S. at 13:00 PM.** Eligible bidders may obtain further information from Email: aathraigaupalika1@gmail.com or may call on +977-9746216333 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders should deposit cost of bidding document amount in following bank detail and scanned copy in .pdf format of the Bank deposit voucher shall be uploaded in the time of e-bid submission.

Bid Document Fee
Name of the Bank: Nabil Bank (*Ga.1.1 Aantarik Rajaswa Khata*)
Name of Office: Aathrai Rural Municipality
Office Code no. : 80105501
Office Account no.: 19501017500038

**Chief Administrative Officer**



Local Goverment
# Indrawati Rural Municipality
## Office of Rural Municipal Executive
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

## INVITATION FOR E- BID

**(First Date of Publication : 2080/11/08 (20/02/2024)**

1. Indrawati Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of works | Estimate cost excluding Vat and Contengency. | Bid security Ammount |
|---|---|---|---|---|
| 1 | IRMSI/W/NCB/ 080/081-13 | Construction works of Rajkumar Smriti Lift Water Supply Project ward no. 3 | 29,54,995.64 | 90,000.00 |
| 2 | IRMSI/W/NCB/ 080/081-14 | Construction works of Basic Level Healthpost Building at ward no. 6 | 42,83,788.82 | 1,40,000.00 |
| 3 | IRMSI/WNCB/ 080/081-15 | Construction works of Basic Health Centre at ward no. 5 | 40,46,994.61 | 1,30,000.00 |
| 4 | IRMSI/WNCB/ 080/081-16 | Construction works of Basic Level Healthpost Building at ward no. 3 | 39,72,516.47 | 1,30,000.00 |
| 5 | IRMSI/WNCB/ 080/081-17 | Construction works of Quarter Building of Nawalpur Primary Hospital at ward no. 4 | 41,88,432.00 | 1,40,000.00 |

2. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Indrawati Rural Municipality Office.
3. Bidders may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp. Bidders shall deposit **NRs. 3,000.00** as the cost of bidding document in the following bank.

**Name of the Bank : Nepal Investment Mega Bank Ltd.**
**Name of Office : Indrawati Rural Municipality**
**Office Code no : 80327501300**
**Office Account no : 17301400000116**
**Rajaswa (revenue) Shirshak no. : 14229**

4. Pre-bid meeting shall be held at **Indrawati Rural Municipality Office** at **12:00 hours on 10/03/2024.**
5. Intrested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp. to **Office of Indrawati rural Municipality** on or before **12:00 hours on 21/03/2024.** Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hours on 21/03/2024** at the office of **Indrawati Rural Municipality, Nawalpur, Sindhupalchok.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format ammounting to minimum of **above mention**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing /submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय

# रकम खर्च नहुँदा अर्थमन्त्री किन जवाफदेही हुँदैनन् ?

खासगरी पुँजीगत खर्च बितेका पाँच-सात वर्षमा झन्झन् दयनीय हुँदै गएको अवस्थाबारे कुनै पनि अर्थमन्त्रीले जिम्मेवारी लिएको अहिलेसम्म पाइएको छैन । यद्यपि यस्तो खर्च नहुनुमा अर्थमन्त्रीको प्रत्यक्ष हात हुँदैन होला । विकास निर्माणका काम गर्ने अरु मन्त्रालय हुन्छन् । उनले समयमा यो वा त्यो बहाना देखाएर समयमा काम गरिदिएनन् भने आयोजनाहरु अधुरा रहने अवस्था आउँछ । तर अर्थमन्त्री त्यस्ता पदाधिकारी हुन जसले बजेटमा उल्लेख भएर संसद्ले पारित गरिसकेपछि त्यसको कार्यान्वयन गर्ने प्रमुख दायित्व उनको नै हुन्छ । बजेट कार्यान्वयन भएन भने जुन मन्त्रालय हुन्, दोषचाहिँ अर्थमन्त्रीमाथि नै जान्छ । खासगरी विकास निर्माणका सन्दर्भमा विनियोजित बजेट खर्च भएन भने त्यसको अर्थ राज्यले गर्ने भनेर प्रस्ताव भएका विकास काम भएनन् भन्ने हुन्छ । त्यसमा पुल सडकलगायतका काम पर्छन् जो चलिरहेका छन् भने अधुरा रहँदा र नयाँ प्रारम्भ हुनुपर्नेमा त्यसो पनि भएन भने अन्ततः नागरिकले नै दुःख पाउँछन् । त्यसकारण विकास खर्च भए/नभएको सन्दर्भ उठ्दा राज्यले दिने सेवा प्रवाहसँग जोडिने हुन आउँछ ।

महालेखा नियन्त्रकको कार्यालयका अनुसार चालू वर्षको फागुनको पहिलो हप्तासम्म पुँजीगत बजेट लक्ष्यको २१ दशमलव ५८ प्रतिशत मात्र खर्च भएको छ । चालू खर्च भने ४५ दशमलव ४६ प्रतिशत भएको छ । यो आर्थिक वर्षमा तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख रूपैयाँ पुँजीगततर्फ खर्च गर्ने भनी बजेट घोषणा भएको थियो पछि करिव ५० अर्ब घटाएर लक्ष्य परिवर्तन गरियो । त्यसपछि पनि उल्लेखित दिनसम्म त्यसको आधा पनि खर्च भएको छैन । महालेखाले यो दिनसम्म सम्म ६५ अर्ब १७ करोड ४७ लाख रूपैयाँ मात्र खर्च भएको देखाएको छ । यता अर्थमन्त्रीचाहिँ पुँजीगत रकम खर्च नहुनुमा आफ्नो दोष नभएको वताउँछन् । गएको हप्ता आयोजित पत्रकार सम्मेलनमा उनले अर्थले गर्दा बजेट खर्च गर्न सकिएन भनेर गलत प्रचार भएको भन्दै आक्रोश पोखेका थिए । उनका अनुसार अर्थले खर्च गर्न सकेन भनेर गलत प्रचार गरिएको छ, यो गलत हो, अर्थ मन्त्रालय आफैँले यो खर्च गर्ने होइन । बजेट खर्च गर्ने अन्य मन्त्रालय छन् । पुँजीगततर्फ भौतिक, सहरी विकास, सिँचाइ/ऊर्जा मन्त्रालयले बढी खर्च गर्ने गर्छन् । उनको भनाइमा केही सत्यता होला तर यही कार्यक्रममा उनले तोडिएका ठेक्काको पुनः अनुमति दिने भने उनकै जिम्मेवारीको कुरा हो । यो फागुन महिनाको कुरा हो । हिउँद सकिन लागिसकेको अवस्थामा ठेक्का तोडिएका योजनाहरुमा अर्थले सहमति दिएर पुनः सूचना प्रकाशनलगायतका प्रक्रिया पूरा हुँदा वर्षा लागिसकेको हुन्छ ।

विकास निर्माणका काम गर्न जति ढिला सहमति दियो त्यति नै खर्च कम हुने विज्ञहरुको बुझाइ छ । यही बुझाइबाट संविधानमा जेठ १५ भित्र बजेट ल्याइसक्नेगरी दिनै तोकेर व्यवस्था भयो । संविधान जारी भएपछि बितेका आठ वर्षमा यही दिन बजेट आइरहेका छन् तर विकास खर्च भने ५०-६० प्रतिशतभन्दा माथि पुगेको देखिँदैन । यो सरकारको अस्थिरताले मात्रै होइन । यो बीचमा करिब दुईतिहाइको सरकारले चारवटा बजेट ल्याएको थियो । तर विकास खर्चको अवस्था भने सुध्रिएन । खर्च गर्ने अधिकारीका अनुसार अर्थले कहिले बजेट त कहिले सहमति दिन ढिला गर्छ, अनि बजेट खर्च भएन भनेर विकासका काम गर्ने मन्त्रालयहरूले खानुपरिरहेको छ । यदि यस्तै हो भने कम खर्चको दोष अर्थले पनि लिनुपर्छ र त्यसको जवाफदेही अर्थमन्त्री नै हुनुपर्छ ।

अर्थ



### वित्तीय शब्दकोष

ऋषिलाल श्रेष्ठ

**Depletion (अवक्षय)**

१) प्राकृतिक स्रोतजस्तै जमिन, खानी, वन जंगल आदिमा भएको स्रोतलाई उपयोग वा उत्खनन गरेको कारणले मूल्यमा आएको कमी ।
२) खनिज स्रोतको उत्खनन सम्बन्धमा मापन गर्ने र अभिलेख राख्ने प्रक्रिया ।
३) प्राकृतिक स्रोतको उत्खनन सम्बन्धमा लेखामा आवधिकरूपमा हिसाब राख्ने कार्य ।

माथि (१) मा उल्लेख भएअनुसार यस सम्पत्तिमा आउने मूल्य ह्रास र अन्य सम्पत्तिको ह्रासमा भिन्नता छ । अन्य सम्पत्ति सम्बन्धमा उपयोगमा रहेको सम्पत्तिको गुणात्मक र प्रयोग गर्न सकिने आयु र क्षमतामा ह्रास हुने कारणले ह्रास कट्टी गरिएको हुन्छ भने Depletion सम्बन्धमा सम्पत्तिको भौतिक स्थितिमा कमी हुने कारणले मूल्यमा ह्रास भएको हुन्छ ।

**Depletion Allowance (ह्रास सुविधा)**

रित्तिँदै जाने प्राकृतिक स्रोतका मालिकहरूलाई प्रदान गरिने एक किसिमको कर सुविधा । प्राकृतिक स्रोत उत्खनन वा उत्पादन गरी बिक्री गर्दा प्राप्त हुने आयको अंशमध्ये लगानीकर्ताको लगानी पनि समावेश भएको हुन्छ । पूरै बिक्रीमा कर लगाउँदा पुँजीगत लगानीमा समेत कर लाग्न जाने हुनाले यस प्रकारको आय स्रोतमा लगानी गर्न यस सुविधाले लगानीकर्तालाई प्रोत्साहित गर्छ ।

**Depreciation Reserve (ह्रास जगेडा)**

वार्षिकरूपमा ह्रास कट्टी गरी आय व्यय लेखामा खर्च जनाई जम्मा गरिएको ह्रास कट्टी रकम ।

# रोकिने छाँटकाँट छैन विदेश पलायनको बहाब ?



*अमर अधिकारी*

> *रोजगारका अवसरहरू सिर्जना गर्नेछौँ भनेर घोषणापत्रमा उल्लेख गर्ने अनि युवायुवतीहरूलाई विदेशमा पलायन हुन बाध्य पार्ने सरकारको दुईजिब्रे नीति तथा व्यवहारबाट जनताले के आशा गर्लान् र ? भएका सरकारी उद्योगहरू त ध्वस्त भए भए निजी क्षेत्रका उद्योगहरू समेत धराशायी हुँदै जाँदा रुग्ण उद्योगहरू सञ्चालनमा ल्याउँछौँ भनेर झूटा कुरा बाँड्दै हिँड्ने नेताहरूलाई अलिकति पनि लाज छैन ।*

हाम्रो देशमा केही गर्न खोज्ने जो कोहीलाई पनि अवसर दिइँदैन । अझ अर्को शब्दमा भन्नुपर्दा निरूत्साहन गरिन्छ । त्यसमध्येमा पर्छन् प्राविधिक ज्ञान भएका शिक्षित वर्गहरु । यी विषयका बारेमा जानकारहरूले बुझेका छन् । विज्ञहरु अमेरिका, अस्ट्रेलिया र युरोपतिर भासिइसके र बलिया पाखुरा भएकाहरु खाडी मुलुकतिर बरालिँदै छन् । जहाँ काम त पाइएला तर इज्जत पाउन गाह्रो छ । स्वदेशमा जन्मसकेको र सरकारले पनि इज्जत र प्रोत्साहन दिनसकेको भए उनीहरूलाई स्वदेशमै मान र इज्जत मिल्ने थियो । यसतर्फ सरकार गम्भीर भएको देखिँदैन । देश विदेशीको इशारामा चलिरहेको छ, हामी कराएर हुनेवाला केही पनि छैन भन्नेहरूको कमी छैन यहाँ ।

विश्वविद्यालयजस्तो पवित्र संस्था त तालाबन्दी भइरहन्छ भने दक्ष जनशक्ति कसरी उत्पादन हुन सक्छ ? कसरी शिक्षा प्रदान हुन्छ ? उपकुलपति नियुक्तिमा जहिले पनि राजनीतिक खिचातानी र तँछाडमछाड अनि अस्वस्थ प्रतिस्पर्धा । पहुँच मात्र होइन यहाँ नियुक्ति पाउनेले के-के गुमाउनुपर्छ यहाँ उल्लेख नगर्दा नै बेस हुन्छ । किनकि सबैमा जगजाहेर नै छ नेपाल कस्तो भइसक्यो भनेर । देश जर्जर अवस्थामा पुगिसकेको छ ।

नेपालमा कम्पनीहरूको संख्या ज्यादै छ, कतिपय कम्पनीहरु झोलाहरूमा थन्किएर बसिरहेका छन् भने कतिपय दर्जनौँ कम्पनीहरु एउटा कोठामा साँघुरिएर बसेका देखिन्छन् । झोलामा खोला भन्ने त हामीहरूले धेरै नै सुन्ने गरेका छौँ । खास सञ्चालनमा आएका कम्पनी, उद्योग तथा व्यवसायहरु देशको अर्थतन्त्रमा सकारात्मक भूमिका खेल्नुपर्नेमा त्यसो देखिने छाँटकाँट देखिँदैन । सरकारलाई कटाक्ष गर्दै कतिपयले भन्नेगर्छन् युवाहरु विदेश पलायनबाट रोक्न सरकारमा बस्नेहरूको दिमागमा घुस्नुपर्छ । दक्ष र शिक्षित प्राविधिक युवाहरूलाई योग्यता र दक्षताअनुसार अध्ययन, अनुसन्धानका कार्यहरूमा संलग्न गराउनुपर्छ । त्यसैले सूचना प्रविधिका विषयमा जस्तै अन्य विषयहरूमा पनि नेपालले फड्को मार्नुपर्छ । कलकारखानाहरु ब्युझाउनुपर्‍यो कृषकहरूलाई प्रोत्साहन र बेलाबेलामा पुरस्कारको व्यवस्था गर्नुपर्‍यो कृषि यन्त्र तथा मल बीउको प्रबन्धका लागि ध्यान दिनुपर्‍यो । त्यतातिर सरकारमा बस्नेले ध्यान दिने त परै जाओस् लाज पचाईपचाई कुरा उठाउन पनि नचाहेको पाइन्छ ।

राजनीतिक पार्टीहरूमा बस्नेलाई लाजसरम नभएपछि कसको के लाग्छ र ? नेपालमा सरकार पूर्ण अवधिमा चलेको अहिलेसम्म रेकर्ड छैन । देश अनियन्त्रित छ, जसको भक्ति उसको शक्ति भन्ने उखान यहाँ चरितार्थ हुँदैआएको छ । कृषिका लागि छुट्याइएको अनुदानमा समेत नक्कली कृषक बनेर नक्कली कागज बनाएर हजम पार्ने गरेको कुरा सञ्चार माध्यमहरूमा नआएका पनि होइनन् । उद्योग, कारखाना चलाउने, रोजगार दिने कुरा त परै जाओस् । नेपालमा केही गर्न खोज्ने काबिल मान्छेलाई हतोत्साही गर्ने परिपाटी छ, सम्बन्धित निकायले चासो लिए पनि त्यसलाई भाँजो हाल्ने माफियाहरूको कमी छैन यहाँ । दिमागदारहरु अमेरिका, अस्ट्रेलिया, युरोपतिर र बलवान्हरु खाडी मुलुकहरूमा होमिन बाध्य हुनुमा सरकारको गैरजिम्मेवारीपन हो भन्नुमा कुनै अत्युक्ति हुने छैन । खाडी मुलुकहरूबाट दश वर्षमा दश हजार लास भित्रिँदा तीतो अनुभव होइन, सरकार रेमिट्यान्सको मीठो स्वाद मात्र पाउँछ । तर देशलाई समृद्ध बनाउने खोक्रा भाषण मात्र बक्ने काम हुन्छ । सरकारमा रहनेले भन्न छोड्दैनन् 'हामी यो देशलाई यस्तो बनाउँछौ, उस्तो बनाउँछौँ । २०४६ पछि सरकारी उद्योगहरु सबै टाट पल्टेको थाहा पाउँदापाउँदै मन्त्रीहरु नभएको भत्ता पचाएर थोत्रिएका सरकारी कारखानाहरूमा गएर कारखाना चलाएरै छाड्छौँ भनिरहँदा जनताहरु भने चुपचाप बसिरहेका छन् ।

भएका घिस्रिएर चलेका कारखानाहरूबाट उत्पादित वस्तुहरूको बजारीकरण र सम्बन्धित क्षेत्रहरूमा पहुँचको वातावरण गराइदिने काम सरकारको हो । त्यतातिर पनि सरकारको ध्यान जाँदैजाँदैन । बाँझो पल्टिएका खेतबारीतिर कसैको पनि ध्यान जाने गरेको पाइँदैन । कृषि अनुसन्धान परिषद्को खासै भूमिका पनि देखिँदैन । कृषि मन्त्रालय र कृषि विभाग पनि औचित्यहीन हुँदै गइरहेका छन् । मलमा सालैपिच्छे राजनीति हुने गरेको सबैलाई थाहा नै छ ।

धन हुनेले त आफ्ना छोराछोरीहरु सहजै महँगा स्कुल र कलेजमा पढाउन सक्लान्, कमजोर आर्थिक अवस्थाका जनताले भएको पैतृक सम्पत्ति बेच्नुपर्ने अवस्था छ । पढाइपछि रोजगारी नपाउँदा अविभावकहरु तनावमा रहनुबाहेक अरु उपाय छैन र विदेशमा पठाउन फेरि ऋणको भर पर्नुपर्छ । पढ्ने बहाना भए पनि युवा जमात विदेशतिरै हानिएर उतै रमाउन थाल्छन् र आफ्नो देशलाई धिक्कार्न थाल्छन् । धिक्कारिनुपर्ने त देशलाई होइन सरकारमा बस्नेहरूलाई हो । झूट आश्वासनबाट चुनाव बलजफ्ती तवरबाट विजयी हुनेहरूलाई हो । जनताहरूलाई त आफू पिल्सिए पनि सहने बानी परिसकेको छ ।

रोजगारका अवसरहरु सिर्जना गर्नेछौँ भनेर घोषणापत्रमा उल्लेख गर्ने अनि युवायुवतीहरूलाई विदेशमा पलायन हुन बाध्य पार्ने सरकारको दुईजिब्रे नीति तथा व्यवहारबाट जनताले के आशा गर्लान् र ? भएका सरकारी उद्योगहरु त ध्वस्त भए भए निजी क्षेत्रका उद्योगहरु समेत धराशायी हुँदै जाँदा रूग्ण उद्योगहरु सञ्चालनमा ल्याउँछौँ भनेर झूटा कुरा बाँड्दै हिँड्ने नेताहरूलाई अलिकति पनि लाज छैन । हुन त जनता वा मतदाता नै बेबकुफ भएको आभाष पाइन्छ । थोत्रा, असक्षम र अदक्ष नेतालाई भोट दिएर पठाउनु नै मतदाताहरूको ठूलो गल्ती हो । जोस, जाँगर भएका युवा तथा योग्य उम्मेदवारलाई छनौट गर्न नसक्नु मतदाताहरूको नै कमजोरी हो भन्नु कुनै अत्युक्ति हुने छैन । गुण्डा, माफियाहरूलाई साथमा लिने परम्पराले पनि नेताहरूप्रति जनताको वितृष्णा बढ्दै गएकोचाहिँ यथार्थ हो । जनता धेरै वाक्क र दिक्क भएर नै स्वतन्त्र उम्मेदवारतिर चासो दिन्छन् र भोट पनि दिन्छन् ।

प्राविधिक एवम् बौद्धिक क्षमता भएका कैयन युवाहरु विदेश पलायनको बाढी बग्न थालेको छ । प्लस टु सकिनासाथ विद्यार्थीहरु विदेशतिर हुर्रिन हतार भएको पाइन्छ । बाबुआमाहरु यस विषयमा बडो चिन्तित हुने गरेका छन् । भएका सन्तान पनि गाउँ र देश छोडेर बाबुआमाबाट टाढिँदा उनीहरु फर्किने हुन् कि होइनन् भन्ने चिन्ता पाल्नु स्वाभाविक नै हो । खेतबारी बाँझो राखेर खाडी मुलुकहरूतर्फ हुर्रिने क्रम झन्पछि झन् बढ्न थालेको छ । देशभक्तिको सोच राख्नेहरु पनि नभएका होइनन् यहाँ, देशमा केही गर्नुपर्छ भन्ने भावना लिएर उभिएका काविल व्यक्तित्वलाई अगाडि बढ्ने अवसर नदिनु नै सरकारको अदूरदर्शिता हो भन्न सकिन्छ । दक्ष, योग्य र काविल जनशक्तिलगायत देशलाई आवश्यक पर्ने ज्ञान भएकाहरूलाई निरूत्साहित पारिनु देशको हीतविपरीतको व्यवहार हो । यस विषयमा सरकारले गम्भीरतापूर्वक लाग्नु अनिवार्य छ ।

कुनैबखत उल्लेख्य मात्रामा राजस्व बुझाउने सरकारी औद्योगिक संस्थानहरु चुर्लुम्म डुबेर गए । बन्द भएर खिया लागिसकेका ती मिल मेसिनरीहरु ताजा बनाउन सजिलो पनि छैन । चलाउने योजना बनाइहाले पनि बजेटतिर ध्यान जान्छ र त्यो बजेटको केही अंश कसरी हात पार्न सकिन्छ भन्ने सोँच पलाएर आउँछ सरकारमा बस्नेहरूलाई । जुन उद्योगहरु पुनः सञ्चालनमा ल्याउने भन्ने कुरा असम्भवप्रायः छ । देश पूरै परनिर्भर वा आयातमुखी भइसकेको छ भन्नुमा कुनै अत्युक्ति हुने छैन । गाउँघरका मकै, कोदो, फापर, लट्टे र जुनेलो उत्पादन हुन छाडे, भएभरका खेतबारीहरु बाँझो पल्टिन थाले । विदेशबाट आयात भएको अस्वस्थ र पालिसले टल्किएको चामलको भात खान बाध्य छन् नेपालीहरु र निम्त्याउँदैछन् विभिन्न रोगहरु । खेतबारीहरु बाँझो पल्टेपछि परम्परागत अनाजहरु उत्पादन हुन छाड्नु सामान्य कुरा भइसकेको छ । किनकि खेतबारीमा काम गर्नेहरु भारतलगायत खाडी मुलुकहरूमा नङ्ग्रा खियाइरहन बाध्य छन् । देशमा अवसर भइदिएको भए उनीहरु परदेश जानुपर्थ्यो र ?

दूरदर्शिताको कमी भएका नेताहरूको भिडभाड छ यहाँ, असम्भव कुराहरु घोषणापत्रमा उल्लेख गरेर मतदाताहरूलाई उल्लु बनाएर चुनाव जित्नेहरूको दबदबा छ यहाँ । हुन त जनताहरु पनि उस्तै हुन्, चेत्दैनन् र खुरूखुरू उनी पुरानाहरूलाई नै भोट दिएर पठाउँछन् । ऊर्जावान् र योग्यतावान्लाई चयन गर्ने मनस्थितिमा मतदाताहरु आफैँ देखिँदैनन् । अनि पछि नेताहरूको विरोध गरेजस्तो गर्छन् । वास्तवमा भन्नुपर्दा जनतामा खासै चेतना जागृत भएको पाइँदैन । नयाँ शक्ति रोजौँ वा राजसंस्था पुनर्बहाली गर्नेतिर लागौँ भन्नेहरु पनि नभएका होइनन् । राजा आउने सम्भावना भने ज्यादै न्यून छ, सीमित जनताको लहलहैमा बेलाबखत जुर्मुराउने मात्र हुन् राजा । उनी शक्तिहीन भइसकेका छन् ।

अन्त्यमा, हीनताबोधको शिकार भएका जल्दाबल्दा दक्ष अनि क्षमतावान्हरूलाई प्रोत्साहनसहित सुविधा र उत्साह प्रदान गर्नु जरूरी भइसकेको छ । यसका लागि सिंहदरबारमा वातानुकुलित कार्यकक्षमा बसेर मात्र हुँदैन, लञ्च प्याक नास्ता गरेर मात्र पुग्दैन अनि रिसोर्टहरूमा गएर गोष्ठी र सेमिनार गरेर मात्र पुग्दैन । त्यसैले समग्र देशको कैयन समस्याहरूलाई हृदयंगम गर्दै मुलुकलाई साँचिकै समृद्ध बनाउनेतर्फ सरकारमा आसिनहरूले बेलैमा सोच्नुपर्ने बेला आइसकेको छ । राजनीतिक दल र तीनका नेताहरूले यस विषयमा सोच्नुपर्ने समय आइसकेको छ । ढिला गरेमा देशको अवस्था जर्जर हुने निश्चित छ । विदेश पलायन हुनेहरूलाई तत्काल रोक्न नसके देश टाट पल्टिने निश्चित छ । त्यसैले तमाम युवाहरु विदेश पलायनको बहाव रोक्न जरूरी छ । सम्बन्धित पक्षको घैँटामा घाम छिटै लागोस् । पार्टी र नेताहरूको छवि त बिग्रिसक्यो, अब पहिला देशको छवि बचाउनेतिर लाग्दा उत्तम ठहर्छ ।

# हराएको 'तलबसहितको बिदा योजना' पुनः ब्युँताऔँ !



*निनाम लोवात्ती*

सन् १९१९ को डिसेम्बर अन्तिममा चीनको हुपेई प्रान्तको राजधानी सहर वुहानबाट फैलिन सुरू भएको 'नोभेल कोरोना भाइरस' अर्थात् 'कोभिड १९' महामारी सुरूका दिनमा भाइरल रोग विज्ञहरु र केही देशका राष्ट्र तथा सरकार प्रमुखहरूले केही दिन अथवा केही महिनामै हराउने अनुमान गरेका थिए । तर अवस्था ठीक उल्टो भयो । अर्थात् भाइरल रोग विज्ञहरु र केही देशका राष्ट्र तथा सरकार प्रमुखहरूले अनुमान गरेजस्तो 'नोभेल कोरोना भाइरस' अर्थात् 'कोभिड १९' महामारी त्यति छिट्टै वा केही दिन, केही महिनामा आफैँ हराएन, सजिलोसँग पनि हराएन । विश्वका प्रायः सबै देश र टापु (जुन टापुहरु ठूला र शक्तिशाली देशको अधिनस्त रहेका छन्) का लाखौँ मानिसको ज्यान लियो, करोडौँ मानिसलाई बिरामी बनायो । त्यस्तै, अरबौँ मानिसलाई प्रभावित बनायो । लगभग साढे दुई वर्षसम्म 'नोभेल कोरोना भाइरस' अर्थात् 'कोभिड १९' अर्थात् कोरोना महामारीले आफ्नो प्रभाव जमायो, विश्वका मै हुँ भन्ने भाइरल रोग विज्ञहरूलाई आच्छुआच्छु बनायो । ट्रम्पजस्ता अहंकारी शासकका त के कुरो गराई भयो ? लगभग साढे दुई वर्षसम्म विश्वभरि फैलिएको 'नोभेल कोरोना भाइरस' अर्थात् 'कोभिड १९' महामारीका कारण विश्वभरि अन्य उद्योग-व्यवसायजस्तै पर्यटन र पर्यटकीय गतिविधि पनि लगभग ठप्प भएको अवस्था थियो भने संयुक्त राष्ट्र संघ (युएन) को मातहतमा रहेको 'वर्ल्ड टुरिज्म अगनाइजेसन युएन-डब्लुटीओ'का अधिकारीहरूले विश्वको पर्यटनसम्बन्धी विस्तृतमा अध्ययन गरेर प्रकाशित गरेको प्रतिवेदनअनुसार सन् २०२० को पहिलो तीन महिना जनवरी, फेब्रुअरी र मार्च महिनाको पर्यटक आगमन एवम् सन् २०२३ को पहिलो तीन महिना (जनवरी, फेब्रुअरी र मार्च) को विश्व भ्रमण गर्न निक्लिने पर्यटकको संख्यालाई तुलनात्मक ढंगले अध्ययन गरेर हेर्दा गर्दा सन् २०२३ को पहिलो तीन महिनामा ८० प्रतिशतले रिकभर भइसकेको छ ।

त्यसो त सन् २०२३ को विश्वमा भइरहेको बाह्य पर्यटन गतिविधिहरूलाई हेर्दा युरोप महादेशका देशहरु, दक्षिण-पूर्वी एसिया, मध्य-पूर्व, उत्तर अमेरिका, अफ्रिकाजस्ता देशहरूमा पनि पर्यटन गतिविधिले पुनः फस्टाउने मौका पाएको छ । त्यस्तै, गरेर आफ्नो देशमा पर्यटकीय गतिविधिलाई बढाउनका लागि भनेर चीन, रूस, अष्ट्रिया, अमेरिका ब्राजिल, भियतनाम, मलेसिया, जापान, दक्षिण कोरिया, मकाउ, जर्मनी, फ्रान्स, साउदी अरब, पोर्चुगल, बेल्जियम, चेक गणतन्त्र, युनाइटेड अरब इमिरेट्स (युएई), टर्की, बेलारूस, युक्रेन, भारत, नर्बे, मालिदभ्स्, साइप्रस, ओमान, बहराइन, थाइल्यान्ड, इटली, अस्ट्रेलिया, म्यानमार, मंगोलिया, श्रीलंका, कम्बोडिया, लाओस आदि देशले आफ्नै देशका नागरिकहरूलाई आन्तरिक पर्यटक बन्नका लागि प्रोत्साहन गरेका छन्, गर्दै छन् । विदेशभन्दा पनि आफ्नै देशभित्रको पर्यटकीय महत्व र प्राकृतिक महत्वका विशेष ठाउँहरु जस्तै, ऐतिहासिक महत्वका ठाउँहरु, सांस्कृतिक महत्वका स्थानहरु, डाँडो, किल्ला (फोर्ट), अनेक सम्पदा रहेका ठाउँहरु, प्राचीन महत्व बोकेका स्थल तथा स्मारकलगायतमा घुमफिर गर्न प्रोत्साहन गरेर आन्तरिक पर्यटनलाई सकेसम्म चलायमान बनाएका छन् । आन्तरिक भ्रमण कार्यक्रमले केही हदसम्म भए पनि ती देशको आर्थिक गतिविधि चलायमान भएको छ ।

हाम्रो देश नेपालमा पनि आर्थिक गतिविधिहरु गाउँ-गाउँ, टोल-टोलसम्म पुगोस्, आर्थिक गतिविधि तल्लो तहसम्म चलायमान होस् भन्ने पवित्र उद्देश्य राखेर आर्थिक वर्ष २०७८/०७९ मा (सन् २०२१/०२२) मा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न तत्कालीन सरकारका अर्थमन्त्री विष्णु पौडेलले बजेट भाषणमा 'सरकारी कर्मचारीलाई तलबसहित १० दिनको बिदा उपलब्ध गराएर काजमा बिदा दिएर आन्तरिक पर्यटन प्रवर्द्धन गर्नका लागि देशका विभिन्न ठाउँ घुम्न जाऊन् भन्ने पवित्र उद्देश्यले सो प्रोत्साहन कार्यक्रम ल्याइएको थियो । जसको खास मक्सद भनेको आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने र मजबुत बनाउने रहेको थियो । तर सरकारले बजेट भाषणमै व्यवस्था गरेको सो तलबसहितको बिदा योजना नेपाली कर्मचारीतन्त्रले लागू हुनै दिएनन् । तर सरकारको सो पवित्र उद्देश्य र योजनालाई अनेकौँ झिना-मसिना बहाना-बाजी गरेर माथिल्लो तहका कर्मचारीहरूले नै किन तुहाए ? त्यस सम्बन्धमा नेपाल सरकारको सम्बन्धित निकायले गम्भीरताका साथ लगभग साढे दुई वर्ष (तीन वर्ष) सम्म 'नोभेल कोरोना भाइरस' अर्थात् 'कोभिड १९' महामारीले आफ्नो प्रभाव जमायो । नेपालको आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुगोस् भनेर आर्थिक वर्ष २०७८/०७९ को बजेट भाषणमा 'सरकारी कर्मचारीलाई १० दिनको बिदा दिएर आन्तरिक पर्यटक भई घुम्न जानका लागि ल्याएको कार्यक्रम'लाई नेपाली कर्मचारीतन्त्रले अनेक बहानामा लागू हुनै दिएनन् । यसले के देखाउँछ भने नेपाल सरकारभन्दा नेपाली कर्मचारीतन्त्र बलिया छन् । त्यसैले उनीहरूले सरकारले ल्याएको कार्यक्रम लागू हुनै दिएनन्, अनेक बहानामा तुहाए । खासमा त आन्तरिक पर्यटन प्रवर्द्धन गर्नका लागि केवल निजामती कर्मचारी मात्रै नभएर जंगी, आयोग, प्रतिष्ठान, संस्थान, कार्यदल, निगम, सरकारी तथा निजी विद्यालय, प्लस टु कलेज, क्याम्पस, विश्वविद्यालयका शिक्षक-शिक्षिका, प्राध्यापक, प्रोफेसर, नेपालमा कार्यरत कूटनीतिक नियोग, दातृ निकाय, आईएनजीओ, एनजीओ, निजी कम्पनी, उद्योग, कल-कारखाना, व्यापारिक घराना आदिमा काम गर्ने सबै कर्मचारी तथा कामदारलाई समेटेर आन्तरिक पर्यटनमा योगदान गर्न प्रोत्साहन गर्नुपर्ने थियो । तर हाम्रो देशमा धार्मिक, भाषिक, सांस्कृतिक, प्राकृतिक, जातीय र भेषभुषालगायतको विविधताको महत्व भएको गाउँ-ठाउँ, भाषिक विविधता भएको गाउँ, वन्यजन्तु अवलोकन गर्ने स्थल, चरा पर्यटन, चट्टान आरोहण, हट एयर बेलुनिङ, प्याराग्लाइडिङ, बञ्जीजम्पिङ, ऱ्याफ्टिङ, कायाकिङ, साइक्लिङलगायत अन्य पर्यटकीय गतिविधिका लागि प्रचुर सम्भावना भएको देश हो । त्यस्तै, ऐतिहासिक महत्वका ठाउँहरु जस्तै पुराना दरबार, गढी, किल्ला, स्मारक, दुर्ग, प्राकृतिक छटा र झरना, छहरा, छाँगा, ताल, तलैया, पोखरीलगायत अन्य स्थानहरूमा भ्रमण गर्न जानका लागि पनि सरकारले प्रोत्साहन गर्न सक्छ । त्यसैले गर्दा पनि 'सरकारी कर्मचारीलाई १० दिनको तलब काजमा दिएर आन्तरिक पर्यटन प्रवर्द्धनका साथै गाउँ तहमै आय वृद्धि गर्ने व्यवस्था मिलाउनका लागि पनि तलबसहितको बिदा योजना पुनः ब्युँताउनुपर्ने देखिन्छ । साथै, यस योजनामा 'नेपाली सेना, जनपद प्रहरी, सशस्त्र प्रहरी, विभिन्न सरकारी संस्थानहरु, निगमहरु, सरकारी तथा निजी विद्यालय, कलेज, क्याम्पस, विश्वविद्यालयका शिक्षक, प्राध्यापक, नेपालमा कार्यरत कूटनीतिक नियोग, दातृ निकाय, आईएनजीओ, एनजीओ, उद्योग, कल-कारखाना, व्यापारिक घराना, निजी कम्पनीमा काम गर्ने कर्मचारीहरूलाई पनि आन्तरिक पर्यटकको रूपमा देश दर्शनमा जान प्रोत्साहन गर्न के-कस्तो प्याकेज वा योजना ल्याउन सकिन्छ ? सरकारी निकायमा कार्यरत रहेका र जिम्मेवार व्यक्तिहरूले तत्काल सोच्नुपर्ने देखिन्छ । यसो गर्न सकेदेखि नेपालको आन्तरिक पर्यटन प्रवर्द्धन र स्थानीयस्तरमै गएर आन्तरिक पर्यटकले सिधै खर्च गर्न सक्ने वातावरण बन्ने देखिन्छ ।

ninamkirat123@gmail.com

पाठक पत्र

E-mail: aarthik.dainik@gmail.com

# महानगर प्रमुख बालेन साहलाई चिठी

श्री बालेन साहज्यू,
मेयर, काठमाडौं महानगरपालिका

तपाईं काठमाडौं महानगरपालिकाको प्रमुख अर्थात् महानगर पिता महाननगरपालिकाको मेयर पदको लागि चुनावमा भाग लिँदैगर्दा अर्थात् चुनावी दौरानमा महानगरवासीहरूले तपाईंसँग धेरै आशा, भरोसा र अपेक्षा राखेका थिए । तपाईंको अध्ययन, उमेर, जोश, जागरबाट महानगरवासीहरु धेरै नै प्रभावित थिए । त्यस बखत महानगरवासीले अपेक्षाअनुसार सबै काम नभएका होइनन् । केही काम भए त्यसमध्ये हुनैपर्ने काम भनेको महानगरपालिकाभित्र खानेपानीको न्यायोचित वितरण, फुटपाथ अर्थात् सडक पेटी, यथोचित फोहोर संकलन तथा व्यवथापन यी मुख्य कुरा वा विषयमा तपाईंको दृष्टिको जुन अवस्थामा पुग्नुपर्ने हो, त्यो दृष्टिगोचर पुग्न सकेको देखिएन । त्यसमा पनि फोहोर उठाएबापत भनेर काठमाडौं महानगरपालिकाको वडा नं. १ देखि ३२ वडासम्म फरक-फरक दरले शुल्क लगाई प्रतिघर परिवार न्यूनतम चार सय ५० देखि छ सय ५० सम्म र व्यापार व्यवसाय भएको स्थानमा २५ सयदेखि १० हजारसम्म उठाउने गरेको पाइन्छ । यो रकम कहाँ जान्छ, केमा खर्च हुन्छ, कसले खर्च गर्छ, कसले यसको लेखाजोखा राख्दछ । जसरी गुण्डागर्दी शैलीमा उठाइन्छ उक्त रकम कुन संस्था व्यक्ति नेताकोमा कसरी जान्छ । यो विषयमा नगरवासीलाई तपाईं नगर प्रमुख बालेन साहले जवाफ दिनुपर्ने हुन्छ । पक्कै दिनुहुन्छ भन्ने विश्वस्त छौँ ।

***प्रेषक***
***तपाईंको मतदाता***
***महानगरवासीहरू***

# जर्मनीमा मन्दीको सम्भावना कायमै

एजेन्सी
बर्लिन, फागुन ७




जर्मनीमा मन्दी देखा पर्नसक्ने सम्भावना बढेको छ । जर्मनीको केन्द्रीय बैंक बुन्डेस बैंकले सोमबार नियमित मासिक रिपोर्ट सार्वजनिक गर्दै बाह्य माग कमजोर भएकाले जर्मनी मन्दीमा पर्नसक्ने सम्भावना रहेको बताएको छ ।

युक्रेनमा रूसको सन् २०२२ देखिको आक्रमणले ऊर्जा लागत बढाएपछि जर्मनीले संघर्ष गरिरहेको र यसले अर्थतन्त्रमा नकारात्मक वृद्धिको सम्भावना बढाएको छ । बन्डेस बैंकले भनेको छ 'जर्मन अर्थव्यवस्थाको लागि अझै कुनै रिकभरी छैन, सन् २०२४को पहिलो त्रैमासिक उत्पादन केही घट्न सक्छ भने आर्थिक उत्पादनमा लगातार दोस्रो गिरावट देखा पर्नेछ र जर्मनीको अर्थतन्त्र प्राविधिकरूपमा मन्दीमा पर्नेछ ।'

जर्मनी सरकारले उच्च ऊर्जा लागत, कमजोर चिनियाँ माग र द्रुत मुद्रास्फीतिले अस्थायीरूपमा वृद्धिलाई रोकेको तर आर्थिक रणनीतिमा मौलिक रूपमा असर नपारेको बताउँदै आएको छ ।

यद्यपि विदेशी औद्योगिक माग र अर्डर ब्याकलग घट्दै गएको केन्द्रीय बैंकले उल्लेख गरेको छ ।

जर्मनीको केन्द्रीय बैंकले युरोपेली केन्द्रीय बैंकले मूल्यवृद्धिसँग लड्नको लागि ब्याजदरलाई उच्चरूपमा बढाएपछि वित्तीय लागत तीव्ररूपमा बढेको कारण फर्महरूले लगानी रोकिरहेको बताएको छ । ज्यालावृद्धिले पनि उद्योगहरूमा असर परेको र यातायातमा भएका हड्तालले पनि त्रैमासिक वृद्धिमाथि असर गर्ने केन्द्रीय बैंकले जनाएको छ ।

लालसागरमा ढुवानीको अवरोधले भने जर्मनीको आपूर्तिमा कुनै समस्या नपर्ने बुन्डेस बैंकले आफ्नो मासिक रिपोर्टमा उल्लेख गरेको छ ।


## सवारी साधनहरू लिलाम बिक्री सम्बन्धी सुचना

(प्रथमपटक प्रकाशित मिति: २०८०/११/०८)

यस संस्थाको नाममा रहेको तपशिलमा उल्लेखित सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य बोलपत्र मार्फत बिकी गर्ने भएको हुँदा इच्छुक फर्म संघ संस्था कम्पनी वा ब्यक्तिबाट आफुले के कति मुल्यमा खरिद गर्न चाहेको हो सो खोली यो सुचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र यस संस्थाको केन्द्रिय कार्यालयबाट उपलब्ध गराएको फाराम भरी शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

सवारी साधनको विवरण:

| सि.नं. | बिक्री गरिने सवारी साधन | बनेको साल ई.सं. | न्युनतम लिलाम मुल्य |
|---|---|---|---|
| १ | HERO HONDA CBZ (बा २५ प ६२५६) | २००४ | ५,०००।- |
| २ | YAMAHA FZ (बा ५९ प ४९६८) | २०१२ | २०,०००।- |

लिलाम सम्बन्धि शर्तहरु:

- सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा खरिद गर्नु पर्नेछ ।
- वोलपत्रदाताले धरौटी स्वरुप कबोल गरेको मुल्यको कम्तीमा ५ प्रतिशतले हुने रकम यस संस्थाको प्रशासन शाखमा दखिला गर्नुपर्नेछ । बोलपत्र नपरेको खण्डमा उक्त रकम फिर्ता गरिनेछ ।
- उल्लेखित सवारी साधनहरु अवलोकन तथा अन्य जानकारीका लागि कार्यलय समयमा कार्यलयमा सम्पर्क गर्न सकिनेछ ।

nepal youth FOUNDATION **नेपाल युथ फाउण्डेसन**
चुनिखेल, ललितपुर ।
सम्पर्क नम्बर: ०१५१७३१७१



## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत पुन: लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/११/०८ गते

यस माछापुच्छ्रे बैंक लि. चन्द्रगढी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/ब्यापार, ब्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०२/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

१. प्रदेश सरकार (प्रदेश नं. १) उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योगको कार्यालय भद्रपुर, झापामा प्राईभेट फर्म रजिष्ट्रेशन तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम दर्ता कायम भएको **न्यू इशान ट्रेडर्स** ।
प्रा.फ.र.नं. १७५४/१५६४२/११/२१, दर्ता मिति : २०७७/११/२१, पान नं. ११९९७६७७१, दर्ता मिति : २०७७/११/२३
ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५, **प्रोप्राइटर : बिमला फुयल**

२. तुलसी फुएल
ना.प्र.नं. २७७१/१९७६, जि.प्र.का. इलाम, जारी मिति : २०६०/०५/१५
बाबु : मोहन लाल फुएल, बाजे : अभिनारायण फुएल
ठेगाना : ईलाम जिल्ला, मंगलबारे वडा नं. १, हाल : झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ६

**व्यक्तिगत जमानतकर्ताहरु**

| १. तुलसी फुएल | २. बिमला फुयल |
|---|---|
| ना.प्र.नं. २७७१/१९७६, जि.प्र.का. इलाम | ना.प्र.नं. ०४१०१२/२११४, जि.प्र.का. झापा |
| जारी मिति : २०६०/०५/१५ | जारी मिति : २०६७/०३/०२ |
| बाबु : मोहन लाल फुएल, बाजे : अभिनारायण फुएल | पती : तुलसी फुयल, ससुरा : मोहन लाल फुयल |
| ठेगाना : ईलाम जिल्ला, मंगलबारे वडा नं. १ | ठेगाना : झापा जिल्ला, अनारमनी वडा नं. ३ |
| हाल : झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ६ | हाल : झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ६ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. मोहन लाल फुयलको बुहारी, तुलसी फुयलको पत्नि, झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ३ स्थाई ठेगाना भई हाल झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ६ बस्ने बिमला फुयलको नाममा मालपोत कार्यालय झापा, भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला, शनिश्चरे वडा नं. ८ स्थित कि.नं. २४७६ र २७४७ को क्षेत्रफल क्रमश: ०-०-१० र ०-०-८ विगाहको जग्गाहरु तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापातहरु समेत ।

**(उल्लेखित सम्पत्ति ऋणी तुलसी फुएल र न्यू इशान ट्रेडर्सको ऋण कर्जाको लागि धितो बन्धक पारीत भएको) ।**

२. न्यू इशान ट्रेडर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तीको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ती र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च** : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : | बोलपत्र खोलिने मिति, समय र स्थान : |
|---|---|
| २०८०/११/१४ सोमबार कार्यालय समय सम्म<br>शाखा कार्यालय, चन्द्रगढी | २०८०/११/१५ मंगलबार दिनको ३:३० बजे<br>शाखा कार्यालय, चन्द्रगढी |

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, चन्द्रगढी



## सुनकोशी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**मूलखर्क, ओखलढुङ्गा**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मिति :- २०८०/११/०८**

यस कार्यालयको मिति २०८०/०९/०६ (२२ डिसेम्बर २०२३) गते सुनकोशी गाउँपालिका, मूलखर्क ओखलढुंगाले तपशीलको निर्माण कार्यका लागि प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार, E-bidding (www.bolpatra.gov.np/egp) मार्फत पेश भएका बोलपत्रहरुमध्ये सबैभन्दा न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहररुमा तपशिलका बोलपत्र स्वीकृतीका लागि छनौट गरिएको हुँदा, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ उपदफा २ को प्रयोजनार्थ यो सूचना जारी गरिएको छ ।

**तपशील:**

| S. N. | Contract ID | Name of Construction Work | Selected Bidder | Total of Procument Cost (Including VAT and PS ) | Remarks |
|---|---|---|---|---|---|
| 1 | 06/NCB/RCWORKS/ SRM/080/081 | Swasthya Chauki Road Bato Marmat Sunkoshi 5 | Mountain Panda Construction Pvt.Ltd, Manthali-1,Ramechhap, Bagmati Province, Nepal | 1616521.50 | |
| 2 | 07/NCB/RCWORKS/ SRM/080/081 | Aapsara dekhi Phalate Bhanjang hundai Thulme ghat Sadak Starunnati Yojana (Section B) | Mountain Panda Construction Pvt.Ltd, Manthali-1,Ramechhap, Bagmati Province, Nepal | 2665067.02 | |
| 3 | 08/NCB/RCWORKS/ SRM/080/081 | Solung Khola Pahara Jholunge Pul-Lopse Turning-Aanpalp Dat Bata Kushadevi ma bi hundai Hayakule Aal Paiya Bot Pokhari Danda Chayanam Pokhari Mulkharka Gaunpalika Sadak Starunnati Yojana (Section B) | Mountain Panda Construction Pvt.Ltd, Manthali-1, Ramechhap, Bagmati Province, Nepal | 3125226.96 | |
| 4 | 09/NCB/WSWORKS/ SRM/080/081 | Chyanam Khola Joge Saune Pani Hyakule Aahal Khanepani Sunkoshi 10(B) | surya jyoti construction and suppliers private limited, Okhaldhunga, 07 sunkoshi gaupalika Okhaldhunga Nepal | 1160143.19 | |

**प्रमुख प्रशासकीय अधिकृत**



**Gandaki Provincial Government**
**Ministry of Physical Infrastructure Development and Transport Management**
**Infrastructure Development Directorate**

## Infrastructure Development office (IDO)

**Tanahun**
**Gandaki Province**

### Invitation for Bids

**Date of Publication: 2024/02/20 (2080/11/08)**

Infrastructure Development Office, Tanahun invites electronic bids from eligible bidders for the construction of works given in table below under National Competitive Bidding procedures. Other detail can be obtained in PPMO website www.bolpatra.gov.np/egp.

| S. N | Contract ID/ Description of project | Qualification | Bid Security amount | Bid Document fee | Bid Validity and Bid Security Period | last date of bid submission |
|---|---|---|---|---|---|---|
| 1 | IDO/TANAHUN/ NCB/W/74/080-81 Upgrading of Dhorbarahi Motormarga (Shankhe-Thumkidanda Section), Tanahun | Minimum Average AACT of the best 3 years NRs 138.5 million and Minimum works experience 111.0 million in one contract. | 5500000.0 | 10000.0 | Bid Validity Period shall be 120 days for S.N: 1 and 90 days for S.N:2 and Bid security shall be valid for 30 days beyond the validity period of the bid. | Electronic bids must be submitted to IDO, Tanahun through PPMO website www. bolpatra.gov.np/ egp. on or before 12.00 noon on 21 March 2024 (2080/12/08) |
| 2 | IDO/TANAHUN/ NCB/W/75/080-81 Upgrading/ Construction of Shahid Rajan Motormarga, Shuklagandaki-11, Tanahun | Minimum Average AACT of the best 3 years NRs 44.33 million and Minimum works experience 11.6 million in one contract. | 721000.0 | 5000.00 | | |

**Information to deposit the cost of bidding document in Bank:**

**Name of Office :** Infrastructure Development Office, Tanahun **Name of the Bank :** Nepal Bank Limited, Damauli
**Rajaswa (revenue) Shirshak no. :** 14229, **Office Account no.:** 27302000001001000001

**खप्तडछान्ना गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**छान्ना ,बझाङ्ग**
**सुदुरपश्चिम प्रदेश नेपाल**

**बोलपत्र स्वीकृति गर्ने आशयको सुचना**

**सूचना प्रकाशन मिति :२०८०/११/८ (19 Feb, 2024)**

यस कार्यालय अन्तर्गत तपशिल उल्लेखित निर्माण कार्यहरुको लागि मिति २०८०/१०/२४ गते PPMO e–GP system www.bolpatra.gov.np.egp मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्र यस कार्यालयको मिति २०८०/११/७ को निर्णय अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहरिन गई स्वीकृतिका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा (३) अनुसार सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N | Contract ID | Description of Works | Selected Bidders Name | Bid Price (Nrs.) |
|---|---|---|---|---|
| 1. | KCRM/NCB/ WORKS/2080/81-06 | Construction of Pauwagadhi Health Post Building At Ward no.1 Chhanna,Bajhang | Shree Odkhet Nirman Sewa | Nrs.57,76,167.20 (Excluding VAT and P.S ) |

**प्रमुख प्रशासकीय अधिकृत**

# युनाइटेड अजोडको साधारणसभा सम्पन्न

आर्थिक संवाददाता
काठमाडौं, फागुन ७

युनाइटेड अजोड इन्स्योरेन्सको ३०औँ वार्षिक साधारणसभा आइतबार सम्पन्न भएको छ । साधारणसभा काठमाडौंको शंखमुलस्थित अनमोल ब्याङ्क्वेटमा सम्पन्न भएको हो ।




साधारणसभाले सञ्चालक समितको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७९/८० को साविक अजोड इन्स्योरेन्स लिमिटेड साथै युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको लेखापरीक्षण प्रतिवेदनसहितको लेखापरीक्षण स्वीकृत गरेको छ । साधारणसभाले आर्थिक वर्ष २०८०/८१ का लागि बाह्य लेखापरीक्षक जेबी राजभण्डारी एन्ड दिबिन्स, चार्टर्ड एकाउन्टेन्टसलाई नियुक्त गरेको छ ।

साधारणसभाले कम्पनीको हाल कायम चुक्ता पुँजीको १० दशमलव २६ प्रतिशत बोनस सेयर रस सोको कर प्रयोजनका लागि शून्य दशमलव ५४ प्रतिशत नगद लाभांश वितरण गर्ने सञ्चालक समितिको प्रस्ताव पारित गरेको छ ।

# Dharche Rural Municipality
## Office of the Rural Municipal Executive
## Machhikhola, Gorkha

## Invitation for Bids

**Invitation of Bid Construction of Sarjanbeshi - Kashigaun Sadak works**
Invitation for Bids No: **DRM/NCB/WORKS/05/080-81**
**Date of publication: 2080/11/08**

1. Dharche Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Following Projects.

| S.N. | Contract Identification No | Description of Works | Cost of Bidding Document (Nrs) | Estimated Cost (Excluding VAT & PS) | Amount of Bid Security (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | DRM/NCB/ WORKS/05/080-81 | **Construction of Sarjanbeshi - Kashigaun Sadak works (New Track Opening)** | 3000 | 1,08,76,832.5 | 310000 | Electronic Bid Only. |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Dharche Rural Municipality**, Machhikhola, Gorkha, Gandaki province, Nepal or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Eligible Bidders download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders submitting their bid electronically should deposit nonrefundable fee of bidding document in the Projects Rajaswo (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher & Company/firm registration certificate,VAT/PAN Registration and Tax Clearance Certificate shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in bank**

| | |
|---|---|
| **Name of the Bank** | **Himalayan Bank Ltd., Dharche Branch** |
| **Nane of Office** | **Dharche Rural Municipality** |
| **Office Account No (Rajaswa)** | **27449365320062** |
| **Office Account No (Dharauti)** | **27449365320108** |

4. Pre-bid meeting shall be held at **2080/12/01 13:00.**
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00pm on 2080/12/08**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 on 2080/12/08** at the office of **Dharche Rural Municipality, Machhikhola, Gorkha** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

# सूर्यज्योति लाइफको एमडीआरटी मिट सम्पन्न

आर्थिक संवाददाता
काठमाडौं, फागुन ७

सूर्यज्योति लाइफ इन्स्योरेन्सले एमडीआरटी मिट २०२४ सम्पन्न गरेको छ । धुलिखेलस्थित आगन्तुक रिजोर्टमा आयोजित कार्यक्रममा एमडीआरटी २०२४का लागि मनोनित सबै एमडीआरटीहरु सम्मानित भएका छन् ।

आफू सूर्यज्योति लाइफसँग विगत लामो समयदेखि हातेमालो गर्दै सँगै अगाडि बढ्न पाएकोमा खुशी लागेको बताए । आफू कलाकारको रुपमा विभिन्न डिजिटल तथा फिल्मबाट मात्र नभई अभिकर्ताहरुसँग प्रत्यक्ष साक्षात्कार गर्न पाउँदा हर्षित भएको बताए ।

कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत, कम्पनीका उच्च पदाधिकारीहरु, प्रदेश प्रमुखहरु,




कार्यक्रममा इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सीईओ) प्रकाशविक्रम खत्रीले आगामी वर्ष तुलनात्मक हिसाबले एमडीआरटीहरुको संख्यामा वृद्धि गर्न हौसला दिँदै आजैबाट आफ्नो गन्तव्यतिर लाग्न प्रेरित गरेका थिए । अथक मेहनत, लगन र प्रयासस्वरुप एमडीआरटी बन्न सफल सबैलाई बधाई दिँदै सीईओ खत्रीले अर्थतन्त्रको अवस्था र चुनौतीका बाबजुत पनि उत्कृष्ट व्यवसाय गरी एमडीआरटी बन्न सफल सबैलाई बधाई दिए ।

इन्स्योरेन्सका ब्राण्ड एम्बेसेडर राजेश हमालले

क्षेत्रीय प्रबन्धकहरुका साथै कम्पनीका ब्राण्ड एम्बेस्डर राजेश हमालको उपस्थिति थियो ।

इन्स्योरेन्सको हाल चुक्ता पुँजी चार अर्ब ५४ करोड रूपैयाँ, कुल लगानी ३७ अर्ब ४५ करोड रूपैयाँ, जीवन बीमा कोष ३० अर्ब ५२ करोड रूपैयाँ, पुस मसान्तसम्मको नाफा २३ करोड ६६ लाख रूपैयाँ रहेको छ । इन्स्योरेन्सले देशभर एक सय ७६ शाखा कार्यालयबाट सेवा प्रदान गर्दै आएको जनाएको छ ।

# स्वस्तिक लघुवित्तको साधारणसभा सम्पन्न

आर्थिक संवाददाता
काठमाडौं, फागुन ७

स्वस्तिक लघुवित्त वित्तीय संस्थाको पाँचौं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सिराहाको लहान स्थित केन्द्रीय कार्यालयमा साधारणसभा सम्पन्न भएको हो ।

साधारणसभाले सञ्चालक समितिको अध्यक्ष सत्यनारायण झाबाट पेस भएको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षकको प्रतिवेदनसहित २०८० असार




मसान्तको वासलात तथा नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, सम्बन्धित अनुसूचीहरु, चालू आर्थिक वर्षका लागि लेखापरीक्षक नियुक्तिसम्बन्धी प्रस्ताव पारित गरेको छ ।

साधारणसभाले संस्थापक सेयरधनी समूहको तर्फबाट सञ्चालक पदमा सत्यनारायण झा, डा प्रमोदकुमार झा, सुधान्सु शेखर झालाई निरन्तरता दिएको छ । त्यस्तै, महिलाबाट सञ्चालकमा हिरा घिमिरे निर्विरोध निर्वाचित भएकी छन् । साधारणसभामा संस्थापक समूहबाट चार जना सञ्चालक नियुक्त गर्ने प्रस्ताव गरिएको थियो ।

# SHIVASATAKSHI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
### KOSHI PROVINCE, JHAPA

## Invitation for online Bids

**Date of Publication : 2080/11/08 (20-Feb-2024)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Document Fee | Estimated Amount Without Vat & Contingencies | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
